नेपाली

Vol.40 | 2024.04

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



## टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2024 को आयोजना गरिनेछ।


यो अघिल्लो पटकको फोटो हो।

**ओता कुमिन हल, आपुरिकोमा टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2024 को आयोजना गरिनेछ।**
**नछुटाईकन सबैले एकै सङ्गीत सुनेर मनलाई एक बनाऔं!**
**टिकट खरिद तथा विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।**

- 🕒 2024 साल मे 3 तारिख (शुक्रबार, सार्वजनिक बिदाको दिन), 4 तारिख (शनिबार) र 5 तारिख (आइतबार)
- 📍 ओता कुमिन हल, आपुरिको
- 💰 ओता सहरमा बसोबास गरिरहेका विदेशी नागरिकहरूलाई 3 तारिख र 4 शुल्क लाग्नेछैन।
  *रेजिडेन्स कार्ड आदि देखाउनुहोस्।
  तर केही कुराहरूको लागि शुल्क लाग्नेछ।
- 📞 टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2024 कार्यपालिका समिति कार्यालय (सह-आयोजना: ओता सहर)
  ☎ 03-3560-9388 FAX 03-3586-2575
  E-mail contact@timf.jp

## [सेनजोकुइके वसन्त साँझको प्रतिध्वनि]

स्वच्छ अनि सुन्दर प्राकृतिक दृश्यहरू भएको सेनजोकुइकेमा "सेनजोकुइके वसन्त साँझको प्रतिध्वनि" को आयोजना गरिनेछ। वसन्त साँझको प्रतिध्वनि जापानी परम्परागत कलाका साथसाथै सेनजोकुइकेको सुन्दर प्राकृतिक दृश्यहरूको आनन्द लिन सक्ने सङ्गीतिक प्रदर्शनी हो।
यो मनोहर धुन, प्रकाशद्वारा सिर्जना गरिने प्रदर्शनी जस्ता अद्भुत वातावरणको अनुभव गर्न सकिने इभेन्ट हुनाले नबिर्सीकन यसको आनन्द लिनुहोस्।

- 🕒 2024 साल मे 16 तारिख (बिहीबार)
  *वर्षा भएमा रद्द गरिनेछ।
- 📍 सेनजोकुइकेको पश्चिमी किनारा "इकेजुकिक्यो"
- 💰 प्रवेश शुल्क: नि:शुल्क
- 👤 उभिएर हेर्ने *बस्ने सिट 300 वटा

आयोजक "सेनजोकुइके वसन्त साँझको प्रतिध्वनि" कार्यपालिका समिति/ओता सहर

📞 संस्कृति प्रवर्द्धन शाखा
☎ 03-5744-1226 FAX 03-5744-1539
E-mail bunka@city.ota.tokyo.jp


©Ota City

🕒 ···· कहिले 💰 ···· रकम 👤 ···· कति जना 📍 ···· कहाँ 📄 ···· आवेदन दिने तरिका 🖥 ···· आवेदन दिने ठाउँ 📞 ···· सम्पर्क

## 【ManaViva क्लासको लागि आवेदन खुला】

यो वयस्कहरूले <हिरागाना><काताकाना><सरल वाक्यहरू> जस्ता दैनिक जीवनमा आवश्यक जापानी भाषाको अक्षर पढ्ने र लेख्ने तथा <जापानी भाषा><अङ्कगणित> जस्ता आधारभूत कुराहरू अध्ययन गर्ने ठाउँ हो। साथीहरू र कर्मचारीहरूसँग मिलेर अध्ययन गरौं।

दायरामा पर्ने व्यक्तिहरू:

① ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति (16 वर्ष वा सोभन्दा बढी)

② जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्ति (जुनसुकै राष्ट्रको व्यक्ति)

शिशु स्याहार सेवा उपलब्ध छ: 1 वर्ष 6 महिना~प्राथमिक विद्यालयको 3 क्लासमा पढ्ने बच्चा (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

2024 साल मे 12 तारिख (आइतबार)~2025 साल मार्च 2 तारिख (आइतबार) कुल 24 पटक (मुख्य रूपमा महिनाको पहिलो, दोस्रो र चौथो आइतबार) 2:00 pm~4:00 pm

ओता सहर कार्यालय, उपभोक्ता केन्द्र आदि

निःशुल्क

40 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

आवेदन दिने ठाउँमा जाने अथवा फोन गर्ने

स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरबासी सहकार्य, आजीवन अध्ययनसँग सम्बन्धित कर्मचारी

ओता सहर कामाता 5-13-14 6F 27 नम्बर काउन्टर

☎ 03-5744-1443 FAX 03-5744-1518

## 【त्रिहत्तरौँ ओता सहर बाल गार्डन पार्टी】

बालबालिकाहरूले स्थानीयहरूसँग खेल, खेलकुद आदिको मज्जा लिन सक्नेछन्। सहर भित्रका 10 ठाउँहरूको कार्यक्रमस्थलमा रमाइलो कार्यक्रमहरूको व्यवस्था गरिनेछ। हामी तपाईंको सहभागिता पर्खिरहेका छौं। कार्यक्रमस्थल होमपेजमा गई निश्चय गर्नुहोस्।



फोटो चित्रण उद्देश्यको लागि हो।

2024 साल अप्रिल 28 तारिख (आइतबार) 10:00 am~3:00 pm

स्थानीय गतिविधि प्रवर्द्धन शाखा

☎ 03-5744-1223 FAX 03-5744-1518

E-mail seishonen@city.ota.tokyo.jp

## 【ऋण ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी (विश्वविद्यालय आदिमा अध्ययनरत विद्यार्थी)】

ओता सहरमा अध्ययन गर्ने इच्छा हुँदाहुँदै पनि आर्थिक कारणले गर्दा अध्ययन गर्न कठिन परिवारको विद्यार्थीहरूलाई छात्रवृत्ति ऋण दिइरहेको छ।

छात्रवृत्तिको ऋण लिएर तोकिएका सर्तहरू पूरा गरी 3 वर्ष वा सोभन्दा बढी सहर भित्रको कल्याणसँग सम्बन्धित सुविधाहरूमा काम गरेमा, छात्रवृत्तिको फिर्ता गर्ने रकम कम गरिनेछ वा छुट दिइनेछ।

*विस्तृत जानकारीको लागि सम्पर्क स्थानमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

अप्रिलको अन्तिम हप्ता~जुनको पहिलो हप्ता तिर (योजना)

[मासिक ऋण रकम]

राष्ट्रिय तथा सार्वजनिक: 35,000 येनसम्म

निजी: 44,000 येनसम्म

30 जना

आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्

कल्याण व्यवस्थापन शाखा सार्वजनिक सहायताको जिम्मेवार कर्मचारी

〒144-8621 ओता सहर कामाता 5-13-14

☎ 03-5744-1245

FAX 03-5744-1520

# [प्रारम्भिक जापानी भाषा कोर्स]

यो पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूले जापानी भाषा पढ्ने र लेख्ने तथा दैनिक जीवनका सरल कुराकानीहरू अध्ययन गर्ने कोर्स हो।

●दायरामा पर्ने व्यक्तिहरू
ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति
विस्तृत जानकारीको लागि होमपेजमा हेर्नुहोस्।



©Ota City

2024 साल मे 13 तारिख~जुलाई 4 तारिख
कुल 16 पटक (हरेक हप्ताको सोमबार र बिहीबार)
10:00 am~12:00 pm

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp

# [नागरिक पेन्सनमा आबद्ध हुने प्रक्रिया]

जापानमा निवासी दर्ता प्रमाणपत्र भएका 20 वर्षदेखि 59 वर्षका व्यक्तिहरूले र विदेशी नागरिकहरूले पनि नागरिक पेन्सनमा आबद्ध भई बिमा शुल्क भुक्तानी गर्नु पर्दछ। 10 वर्ष वा सोभन्दा बढी भुक्तानी गऱ्यो भने 65 वर्षदेखि पेन्सन पाइन्छ।
चोट वा रोगले गर्दा काम गर्न नसक्ने भएको बेलामा पाइने "अपाङ्गता पेन्सन" र जीवनयापन गर्नको लागि काम गरिरहेको परिवारको सदस्यको मृत्यु भएको बेला पाइने "मृतकको परिवार पेन्सन" पनि पाइन्छ। जापानमा पहिलो पटक आएको बेला र कार्यस्थल छोडेको बेला प्रक्रिया गर्नु पर्दछ।
बिमा शुल्क भुक्तानी गर्न कठिन अवस्थामा पूर्ण रकम अथवा केही अंश छुटको लागि आवश्यक प्रक्रिया गर्नुहोस्।
नबुझेको खण्डमा होमपेज हेर्नुहोस्।

मासिक 16,980 येन (आर्थिक वर्ष 2024 साल)

काउन्टर, हुलाक र विद्युतीय आवेदन

■नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा
नागरिक पेन्सनको जिम्मेवार कर्मचारी
ओता सहर कामाता 5-13-14
3F 12 नम्बर काउन्टर
☎ 03-5744-1214

■ओता पेन्सन कार्यालय
ओता सहर मिनामी कामाता 2-16-1 टेक्नोपोर्ट कामाता सेन्टर बिल्डिङ 3F
☎ 03-3733-4141
सोमबार 8:30 am~7:00 pm
मंगलबारदेखि शुक्रबार 8:30 am~5:15 pm
दोस्रो शनिबार 9:30 am~4:00 pm

# [नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि चिकित्सा खर्च फिर्ता गर्नेबारे]

सरुवा, अन्य जापानको सार्वजनिक स्वास्थ्य बिमामा आबद्ध भएको, बसोबास म्याद समाप्त भएको जस्ता कारणले ओता सहरको नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा तपाईंले ओता सहरले बेहोरेको भागको चिकित्सा खर्च फिर्ता गर्नु पर्दछ।
अन्य जापानको सार्वजनिक स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा सरुवा भएको खण्डमा अनिवार्य रूपमा ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्नको लागि आवेदन पेस गरी, बिमा कार्ड फिर्ता गर्नुहोस्।

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा
☎ 03-5744-1211
FAX 03-5744-1516

---

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## 【ओता सहर कुरासीको गाइड विदेशी भाषा संस्करण 2024 प्रकाशन सम्बन्धी】

ओता सहर कुरासीको गाइड विदेशी भाषा संस्करण 2024 प्रकाशन गरिएको छ। सहर कार्यालयका प्रक्रियाहरू, जापानको मर्यादा र शिष्टाचार, विदेशी भाषाहरूमा सेवा उपलब्ध परामर्श काउन्टरहरू जस्ता दैनिक जीवनमा काम गर्ने जानकारी प्रशस्त! अंग्रेजी, चिनियाँ, टगालोग, नेपाली, भियतनामिज र सजिलो जापानी भाषा गरी 6 भाषाहरूमा उपलब्ध छ।

वितरण स्थान

- ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
- अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर
- ओता सहर कार्यालय 1F पारिवारिक निवासी दर्ता काउन्टर A
- प्रत्येक विशेष उपशाखा कार्यालय

होमपेजबाट पनि डाउनलोड गर्न सकिन्छ।

## 【"अन्तर्राष्ट्रिय शहर ओता" बहुसांस्कृतिकवाद प्रवर्धन योजना संशोधन सम्बन्धी】

"अन्तर्राष्ट्रिय शहर ओता" बहुसांस्कृतिकवाद प्रवर्धन योजना (२०२४-२०२८) संशोधन गरिएको छ। यो विभिन्न व्यक्तिहरू बीचको पारस्परिक समझदारीलाई थप बढावा दिई, ओता सहरलाई सबैले आफूले चाहे अनुसारको गतिविधि गर्न सक्ने सहर बनाउनको लागि अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवन नीतिहरूलाई प्रवर्द्धन गर्ने योजना हो। एक पटक अवश्य हेर्नुहोस्!



©Ota City

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227 FAX 03-5744-1323 E-mail t-kokusai@city.ota.tokyo.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶